# तल्लो खारे खोला जलविद्युत खबर



साइटमा स्टील प्लेट अनलोड गरिदै

चैत्र २०७३, अंक ५

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको पेनस्टक पाइप निर्माणको लागि आवश्यक स्टीलपाता इंडियन स्टील कम्पनी जिन्डल स्टील एण्ड पावर लिमिटेडको फ्याक्ट्री बाट रेलमार्ग हुँदै नेपालको सुख्खा बन्दरगाह शिरसिया पर्सा सम्म आइपुगेको छ । साथै, भन्सार प्रक्रिया पूरा भइ स्टीलपाता आयोजना स्थल सम्म ढुवानी गर्ने कार्य हुँदै छ । पावरहाउसको अर्थिङ्ग रेजिस्टेन्स (Resistance) मापनको लागि पावरहाउस स्थल खन्ने कार्य भइरहेको छ।

यस्तै, चैत्र २५, २०७३ मा इलेक्ट्रो मेकानिकल ठेकेदार कम्पनी फ्लोभेल इनर्जी प्राइभेट लिमिटेड सँग आयोजनाको सम्पूर्ण इलेक्ट्रोमेकानिकल उपकरणहरुको डिजाइनिङ्ग, मैन्युफैक्चरिङ्ग, इंस्टलिङ्ग, टेस्टीङ्ग र कमिशनिङ्ग गर्ने कार्य सम्बन्धी सम्झौता गरिएको छ । चैत्र १३, २०७३ मा पाइपलाइनको सिभिल निर्माण कार्यको लागि मस्डीङ्ग देवि/राप्ती हाइड्रो जे.भि. सँग ठेक्का सम्झौता सम्पन्न भइसकेको छ ।



पेनस्टक पाइप बनाउने स्थल



स्टील प्लेट भण्डारन गरिदै



फ्लोभेल इनर्जीसँग ठेक्का सम्झौता सम्पन्न

स्थानीय सरोकार समितिको अगुवाईमा आयोजनाको पावर हाउस रहने स्थल देखि आयोजनाको हेडवर्कस सम्म बाटो फराकिलो गराइने क्रममा ४१,००० घनमिटर माटो निकाली बाटो खन्ने काम भइरहेको छ । स्थानीय सरोकार समितिले पाइपलाइन रहने ठाउँमा १३,०० मिटर लामो बाटो खनिसकेको छ । हेडवर्कस निर्माण गर्ने ठेकेदार कम्पनी एटलस हाडड्रो कन्सोरटियमले निर्माण कार्यको लागि आवश्यक निर्माण सामाग्री र उपकरणहरु साइटमा लगिसकिएको छ । साथै, बाटो र पाइपलाइनको संरक्षणको लागि ग्याबियन वाल लगाउने कार्य भइरहेको छ । यस कम्पनीले साउन ३, २०७६ भित्र आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ ।


मस्र्याङ्‌ देवि/राप्ती हाइड्रो जे.भि. सँग ठेक्का सम्झौता सम्पन्न


डिस्याण्डर बेशिन रहने स्थल


कन्सट्रक्सन पावर केबल


सम्पादकः पार्वती पराजुली

युनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन नः ९७७-१-४१०१०९७, ४२५१४६३,

ईमेल : info@universalpowercompany.com.np

वेबसाइट : www.universalpowercompany.com.np